नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३१ अंक १५४ २०७८ साल माघ ३ गते सोमबार (17 Jan. 2022 Monday) मूल्य रु. ५/-

विवाहलगायत अन्य भोजभतेरमा फजुल खर्च नगरौं,
सभ्य र जिम्मेवार नागरिकको परिचय दिऔं ।
नेपाल सरकार
विज्ञापन बोर्ड

*Log on : rajbirajdainik.com.np*

*यस अंक भित्र :* २ पृष्ठमा : चौध टन मानवीय सहायता... ३ पृष्ठमा : परीक्षणको दायरा बढाउँदै खोप... ३ पृष्ठमा : चीनका ९० प्रतिशत नागरिकले...

## अस्पतालको निमित्त मेसुमा डा. साहलाई जिम्मेवारी

**दैनिक समाचारदाता**
**राजविराज, २ माघ ।**

गजेन्द्र नारायण सिंह अस्पताल राजविराजको निमित्त मेडिकल सुपरिटेन्डेन्टमा परिवर्तन भएको छ । यसअघि सो जिम्मेवारी सम्हालेका डा. रन्जित झाको स्थानमा डा. दिलिप कुमार साहलाई जिम्मेवारी दिइएको छ ।

डा. साहलाई स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जिम्मेवारी दिएपछि आइतबार पदस्थापन कार्यक्रम सम्पन्न गरिएको छ ।

आयोजित पदस्थापन कार्यक्रममा निमित्त मेसु डा. साहलाई बधाई दिँदै डा. झाले आफ्नो कार्यकालमा अस्पतालमा भएका सुधारलाई अझै सुधार होस् भन्ने शुभकामना दिएका छन् ।

पदभार ग्रहण गर्दै निमित्त मेसु डा. साहले आफूले डा. झाद्वारा सुरुवात गरिएका राम्रा कामहरुलाई निरन्तरता दिँदै अगामी दिनमा अस्पतालको सेवा अझै स्तरिय र सर्वसुलभ बनाउने प्रतिबद्धता समेत जनाए ।

यसैबीच निमित्त मेसुबाट पदमुक्त भएपछि डा. झाले आफ्नो १९ महिने कार्यकालमा गरेका २७ उपलब्धीहरुको विवरण समेत



प्रस्तुत गरेका छन् । मेसुको जिम्मेवारी पाएका डा. साह यसअघि २०७२ चैत १५ गतेदेखि २०७४ वैशाख १९ गतेसम्म सोही अस्पतालमा निमित्त मेसुको जिम्मेवारी सम्हालिसकेका छन् ।

उनले आफ्नो कार्यकालमा अस्पतालमा ५० केविबाट ३ सय केविको ट्रान्सफरमर जडान, वर्षैदेखी रिक्त रहेको दरबन्दीमा पदपूर्ती, इमरजेन्सी विभागको माथिल्लो तल्लामा २५ शैयाको एचडियु सेवाको सुरुवात, कुरुवा घरको निर्माण, १ सय १८ स्लाइसको सिटि स्क्यान जडान, युसिजि सेवाको संचालन, १५ वटा भेन्टिलेटरसहितको १५ शैयाको आइसियु सेवा संचालन, प्रति दिन २ सय ७० सिलिण्डर भर्न सकिने अक्सिजन प्लान्टको स्थापना, रामराजा प्रसाद सिंह स्वास्थ्य विज्ञान प्रतिष्ठान सँगको सम्वन्धन कार्य सम्पन्न लगायतका महत्वपूर्ण काम गरिएको बताए ।

## डा. झाका १९ महिनाको २७ उपलब्धीहरु:

१. जनसहयोगबाट ग्राभेल सडक निर्माण कार्य सुरु तथा सम्पन्न
२. ५० केभी ट्रान्सफर्मरबाट ३ सय केभीको ट्रान्सफर्मरमा बढोत्तरी
३. वर्षौंदेखि विभिन्न रिक्त दरबन्दीहरुमा पदपूर्ति,
४. रामराजा प्रसाद सिंह स्वास्थ्य विज्ञान प्रतिष्ठानको सम्पर्क कार्यालयको अधुरा भवन निर्माण कार्य सम्पन्न र कार्यालय सञ्चालन,
५. इमरजेन्सीमाथि एचडियू भवन निर्माण तथा २५ शैय्याको एचडियू सेवा सुरु,
६. कुरुवा घरको निर्माण,
७. रेकर्ड शाखाका लागि भवन निर्माण,
८. गाइनो र ओबीएस भवन निर्माण
९. शव गृहको रोकिएको काम सम्पन्न,
१०. १ सय २८ स्लाइस सिटी स्क्यानको जडान तथा सञ्चालन,
११. ९ महिनादेखि रोकिएको यूएसजी सेवा पुनः सञ्चालन,
१२. १५ वटा भेन्टिलेटर सहितको १५ शैय्याको आइसीयू सेवा स्थापना,
१३. ४ वटा भेन्टिलेटर सहितको १० शैय्याको एनआइसीयू स्थापना,
१४. क्यान्टिन भवन निर्माण,
१५. जिआइजेडको सहयोगमा फोहोर विसर्जनको व्यवस्थाकालागि भवन निर्माण,
१६. ५० केजीको वासिङ मेसिन तथा एडभान्स अटोकलेभ मेसिन जडान,
१७. २७० सिलिण्डर प्रति दिन भर्नसक्ने अक्सिजन प्लान्ट र वैकल्पिक लिक्यूड प्लान्टको जडान र सञ्चालन,
१८. २ सय बढी सिलिण्डर र ५० बढी अक्सिजन कन्सनट्रेटरको व्यवस्थापन,
१९. कोरोना व्यवस्थापन गर्न साईकृष्णा अस्पतालबाट १ सय ७८ शैय्याको आइसोलेसन वार्ड सञ्चालनमा गरेको,
२०. ओ एण्ड एम सर्भे कार्य सम्पन्न,
२१. **विशेष सेवा विस्तार:** अर्थोपेडिक डिपार्टमेन्टमा प्राध्यापक, रेडिओलोजिस्ट, प्याथोलोजिस्ट, एनेस्थेसोलोजिस्ट र सर्जन १/१ जना, एमडिजीपी, मेडिसिन र गाइनोलोजिस्ट २/२ तथा केही मेडिकल अधिकृत ल्याउन सफल,
२२. **प्रयोगशालाको स्तरोन्नति:** थाइरोइड, भिटामिन-बी १२, भिटामिन-डि जस्ता टेष्ट गर्न सक्षम र कल्चर सेवा स्थापनाका लागि पहल ।
२३. ओटी आधुनिकिकरणका लागि सामानहरु तथा शव गृहका लागि चाहिने फ्रीजको बोलपत्र आह्वान गरिसकेको,
२४. रामराजा प्रसाद सिंह स्वास्थ्य विज्ञान प्रतिष्ठानसँग सम्बन्धन कार्य सम्पन्न,
२५. रामराजा प्रसाद सिंह स्वास्थ्य विज्ञान प्रतिष्ठानका लागि ६२ विघा जग्गा लिजमा लिई भुमि पुजन कार्य सम्पन्न,
२६. कार्डिएसी भवन र ७५ शैय्याको एनेक्स भवन निर्माण कार्य सुरु,
२७. नेत्र रोग विभाग स्थापना कार्यको सुरुवात ।

## तीन स्थानिय तहमा आज सार्वजनिक विदा

**दैनिक समाचारदाता**
**राजविराज, २ माघ ।**


कोसी पूर्णिमाको अवसरमा सप्तरीको तीन स्थानीय तहले सोमबार सार्वजनिक विदा दिने निर्णय गरेको छ ।

जिल्लाको राजविराज नगरपालिका, राजगढ गाउँपालिका र हनुमाननगर कंकालिनी नगरपालिकाले आइतबार छुट्टाछुट्टै विज्ञप्ति जारि गर्दै सो निर्णय गरेको हो ।

प्रत्येक वर्ष कोशी पुर्णिमा (पुसी मेला) को अवसरमा जिल्लाको कोशी ब्यारेज तथा विभिन्न नहरहरुमा भब्य मेला लाग्ने गर्दछ । तर, यस पटक कोरोना महामारीको जोखिम उच्च रहेको छ । सरकारले बढी भिडभाड तथा २५ जना भन्दा बढी व्यक्तिहरुको भेला हुन नदिन लगायतका स्वास्थ्य मापदण्ड जारि समेत गरिसकेको छ ।



अनुरोधकर्ता : तिलाठी कोइलाडी गाउँ कार्यपालिकाको कार्यालय सप्तरी



अनुरोधकर्ता : राजगढ गाउँ कार्यपालिकाको कार्यालय सप्तरी

## सम्पादकीय

# पुनः महामारीको त्रास महामारीबाट बचौं र बचाऔं

नेपालमा पनि कोरोना महामारीको पुनः त्रास बढेको छ । यसका लागि सरकारले कोरोना भाइरसको नयाँ भेरियन्ट, ओमिक्रोनसहितको महामारीको तेस्रो लहर रोकथाम तथा नियन्त्रणसम्बन्धी आदेश, २०७८ जारी समेत गरेको छ । जसमा आमसभा, जुलुस, भेला वा धेरै मानिस भेला हुने क्रियाकलाप माघ मसान्तसम्म सञ्चालन नगर्ने निर्णय गरेको छ । त्यस्तै सिनेमा हल, डान्सबार, दोहोरी नाचघर, क्लब, हेल्थ क्लब, जीम, स्वीमिङ पुल, फुटसल, हाटबजार र मानिसको भीडभाड हुने अन्य सबै प्रकारका कार्यक्रम माघ १५ गतेसम्म सञ्चालन नगर्ने निर्णय गरेको छ ।

आदेशमा विद्यालय, विश्वविद्यालय, कलेज, ट्युशन सेन्टरलगायतका अन्य शैक्षिक क्रियाकलाप सञ्चालन गर्दा माघ १५ गतेसम्म भौतिक उपस्थितिमा सञ्चालन नगर्ने निर्णय गरेको छ । आदेशमा शैक्षिक क्रियाकलाप र शिक्षण सिकाइका गतिविधि भर्चुअल माध्यमबाट सञ्चालन गर्न भनिएको छ । यसरी सरकारले रोग नियन्त्रण तथा रोकथामका लागि आदेश जारि गरेपनि मानिसहरुले यसलाई हल्का रुपमा लिएको देखिन्छ । सरकारले स्वास्थ्य मापदण्ड अपनाउन आग्रह गरेपनि मानिसहरुले त्यसको पालना गरेको देखिन्न् ।

मानिसहरुले महामारीलाई वेवास्ता गर्नुका साटो गम्भिर रुपमा लिनु पर्दछ । यसका लागि सबैभन्दा बढी स्थानिय सरकारले जनताको स्वास्थ्य अवस्थालाई ध्यान दिनु पर्ने हुन्छ । तसर्थ कोरोनाको अन्त्य नभएको अवस्थामा सबैले कोरोनाको त्रासलाई हलुका रुपमा नलिई सर्तकर्ता अपनाउनुका साथै सरकारले तोकेको स्वास्थ्य मापदण्डको अनिवार्य रुपमा पालना गर्नु पर्ने आवश्यकता रहेको छ ।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. रंजना गिरी
Dr. Ranjana Giri
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
Infertility Specialist (Consultant IVF)
NMC No. : 10635
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ
बाझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# चौध टन मानवीय सहायता सामग्री अफगानिस्तान पठाइयो

काठमाडौँ, २ माघ (रासस) ।

नेपालले अफगानिस्तानलाई करिब १४ टन मानवीय सहायता सामग्री उपलब्ध गराएको छ । परराष्ट्र मन्त्रालयका सहसचिव सेवा लम्साल नेतृत्वको टोली हिमालय एयरलाइन्सको जहाजबाट करिब १४ टन सहायता सामग्री लिएर आज बिहान बिहान काबुल प्रस्थान गरेको हो ।

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा पत्रकार सम्मेलन गरेर परराष्ट्रमन्त्री डा नारायण खड्काले संयुक्त राष्ट्रसङ्घले उपलब्ध गराएको सूचीअनुसार औषधि, लत्ताकपडा, भाँडावर्तनलगायत सामग्री नेपालले मानवीय सहायतास्वरुप उपलब्ध गराएको बताउनुभयो। । खाद्यान्नबाहेकका ती सामग्री करिब १४ टन रहेको मन्त्री खड्काले बताउनुभयो । उहाँले नेपालको इतिहासमा पहिलोपटक आफ्नै प्रयासमा मानवीय सहायता सामग्री अन्य राष्ट्रलाई सहयोगस्वरुप पठाइएको बताउनुभयो । यसबाट विपत्तिका बेला नेपालले मानवीय सहायता सामग्री पठाउनसक्ने सन्देश दिएको बताउनुभयो ।

उहाँले भन्नुभयो, "हामी ठूला प्राकृतिक तथा दैविक विपद्मा विभिन्न राष्ट्र तथा निकायबाट सहयोग लिन्छौँ तर पनि यस कार्यले नेपाल सदैव सहयोग लिने मात्र होइन, आवश्यक परेका बेला अन्य राष्ट्रलाई सहयोग गर्न पनि पछि पर्दैन भन्ने सन्देश जानेछ । यसले नेपालको छविलाई अन्तर्राष्ट्रिय जगत्मा उच्च तुल्याउन सहयोग पुग्नेछ ।"

सरकारलाई कुनै दायित्व नपर्ने गरी सबै सामग्री व्यवसायीले निःशुल्करुपमा उपलब्ध गराएको जानकारी मन्त्री खड्काले दिनुभयो । उहाँले सहायता सामग्री अफगानिस्तानसम्म पुर्‍याउन हिमालयन एयरलाइन्सले निःशुल्क चार्टर्ड उडान सहयोग गरेको पनि बताउनुभयो । दक्षिण एशियाली राष्ट्रको साझा समस्या भएको र सोही दायित्वअनुरुप आवश्यक मानवीय सहायता जहाजमार्फत पुर्‍याउन लागिएको मन्त्री खड्काले जानकारी दिनुभयो ।

सहायता सामग्री संयुक्त राष्ट्रसङ्घ, यहाँस्थित महावााणिज्य दूत, नेपालका उद्योगी, व्यवसायी, हिमालयन एयरलाइन्स, नेपाल आयल निगमलगायतबाट प्राप्त भएको हो । सहसचिव लम्साल नेतृत्वको टोलीले काबुलस्थित संयुक्त राष्ट्रसङ्घका प्रतिनिधिलाई मानवीय सहायता सामग्री आजै हस्तान्तरण गरेर स्वदेश फर्कने

# अनलाइनबाट पुनः श्रम स्वीकृति जारी

काठमाडौँ, २ माघ (रासस) ।

सरकारले सेवा प्रवाहलाई सूचनाप्रविधि मैत्री बनाउँदै लगेको छ । वैदेशिक रोजगार विभागअन्तर्गतको वैदेशिक रोजगार कार्यालय काठमाडौँले आइतबारदेखि अनलाइन प्रणालीबाट पुनः श्रम स्वीकृति जारी गर्ने भएको छ । २०७७ पुसबाट भौतिक उपस्थिति र अनलाइन दुवै माध्यमबाट पुनः श्रम स्वीकृतिको काम हुँदै आएकामा आइतबारदेखि अनलाइनबाट मात्र पुनः श्रम स्वीकृति जारी हुनेछ ।

श्रम स्वीकृतिलाई फेसलेस, पेपरलेस र क्यासलेस बनाइ छिटो, छरितो र पारदर्शी रूपमा गुनासोरहित सेवाप्रवाह गर्न अनलाइन प्रणालीबाट मात्र पुनः श्रम स्वीकृतिको काम गर्न लागिएको कार्यालयले जनाएको छ । श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले वैदेशिक रोजगारीमा जाने श्रमिकलाई विना झन्झट आधुनिक प्रविधिको प्रयोग गरी सहज र सरल तरिकाबाट सेवा प्रदान गर्न निर्देशन गरेसँगै पुनः श्रम स्वीकृतिको काम अनलाइन प्रणालीबाट मात्र गर्न लागिएको वैदेशिक रोजगार कार्यालयका प्रमुख रमेश अर्यालले जानकारी दिनुभयो ।

**कसरी लिने पुनः श्रम स्वीकृति ?**

पुनः श्रम स्वीकृतिको अनलाइन सेवा लिन सेवाग्राहीले वैदेशिक रोजगार विभागको वेभसाइटको वैदेशिक रोजगार सूचना व्यवस्थापन प्रणालीमार्फत आवश्यक सबै कागजातसहित फाराम भर्नुपर्नेछ । यसका लागि सुरुमा विभागको वेभसाइटमा गई अनलाइन श्रम स्वीकृतिमा क्लिक गर्नुपर्ने हुन्छ । अथवा सिधै वैदेशिक रोजगार सूचना व्यवस्थापन प्रणाली गएर पनि खोल्न सकिनेछ ।

श्रम स्वीकृतिको कागजात जाँच गर्दा कुनै कारणले आवेदन अस्वीकृत भएमा सो को कारणसहितको सूचना आवेदकको मोबाइल नम्बर र आवेदन गर्दाको युजर एकाउन्टमा जाने हुँदा आफ्नो व्यक्तिगत मोबाइल नम्बर र इमेल ठेगाना अनिवार्य रूपमा भर्नुपर्नेछ । युजरनेम र पासवर्ड प्रयोग गरी अर्कोपटक श्रम स्वीकृति लिन श्रम स्वीकृतिको अवस्था थाहा पाउन, विवरण हेर्न र उजुरी वा गुनासो गर्न सकिने भएकाले आवेदन गर्दाको युजरनेम र पासवर्ड सुरक्षित राख्नुपर्ने हुन्छ ।

अनलाइनमा कागजात जाँच गर्न समय लाग्ने भएकाले कम्तीमा तीन दिन अगाडि अनलाइन फाराम भर्न र श्रम स्वीकृति लिइसकेपछि मात्र हवाई टिकटको प्रबन्ध गर्न कार्यालयले आग्रह गरेको छ । उडान हुने मितिसम्म श्रम स्वीकृतिको म्याद ९० दिनभन्दा बढी हुनुपर्ने भएकाले सो बमोजिम भए नभएको यकिन गर्न पनि कार्यालयले भनेको छ ।

कार्यालयले संस्थागत श्रम स्वीकृति, पुनः श्रम स्वीकृति र व्यक्तिगत श्रम स्वीकृति दिने गरेको छ । संस्थागत श्रम स्वीकृतिका लागि सेवाग्राही कार्यालय आइरहनुपर्दैन, सम्बन्धित म्यानपावर व्यवसायी मात्र आउने गर्छन् । वैदेशिक रोजगार कार्यालयबाट चालु आर्थिक वर्षको पुससम्ममा पुनः श्रम स्वीकृतितर्फ करिब एक लाख जना, संस्थागततर्फ एक लाख ८० हजार र व्यक्तिगततर्फ आठ हजारभन्दा बढीले सेवा लिएको कार्यालयले जनाएको छ ।

# ओमिक्रोन तेस्रो लहर रोकथाम तथा नियन्त्रणसम्बन्धी आदेश, २०७८ जारी

काठमाडौँ, २ माघ (रासस) ।

सरकारले कोरोना भाइरसको नयाँ भेरियन्ट, ओमिक्रोनसहितको महामारीको तेस्रो लहर रोकथाम तथा नियन्त्रणसम्बन्धी आदेश, २०७८ जारी गरेको छ ।

सरकारले नेपाल सरकार, प्रदेश र स्थानीय तहबीच प्राकृतिक स्रोतको रोयल्टी बाँडफाँट पनि स्वीकृत गरेको सरकारका प्रवक्ता एवं सञ्चार तथा सूचना प्रविधिमन्त्री ज्ञानेन्द्रबहादुर कार्कीले जानकारी दिनुभयो ।

मन्त्रिपरिषद्को पुस ३० गतेको बैठकका निर्णय सार्वजनिक गर्दै उहाँले सरकारले तिलौराकोट कपिलवस्तु क्षेत्रलाई संरक्षित स्मारक क्षेत्र घोषणा गर्ने निर्णय भएको बताउनुभयो । सरकारले नेपाली जनताका तर्फबाट अफगान नागरिकलाई मानवीय सहायता उपलब्ध गराउने निर्णय गरेको जानकारी दिइयो ।

बैठकले मेवा-चाँगे र केराबारी-न्यू मर्स्याङ्दी १३२ केभी प्रसारण आयोजनाको क्षतिपूर्ति निर्धारण समिति गठन गर्ने तथा बुढीगङ्गा जलविद्युत् आयोजना, खोर्लेबँसी (गोरखा) ३३ केभी प्रसारण लाइन तथा सबस्टेशन र पाल्पा २२० केभी सबस्टेशन आयोजनाका लागि जग्गा प्राप्ति गर्ने र प्रारम्भिक कारबाही चलाउन अधिकारी तोक्ने पनि निर्णय गरेको छ ।

सरकारले नेपाल विश्वविद्यलायसम्बन्धी विधेयक तर्जुमा गर्न सैद्धान्तिक स्वीकृति प्रदान गर्नुका साथै टोखा नगरपालिका र चीनको स्वायत्त क्षेत्र तिब्बतस्थित नक्छु सहरबीच भगिनी सम्बन्ध कायम गर्न पनि स्वीकृति दिने निर्णय गरेको छ ।

स्थानीय तहका विभिन्न परियोजनानका लागि जग्गा प्राप्ति गर्न विभिन्न ११ स्थानीय तहलाई स्वीकृति दिने निर्णय पनि भएको छ । साथै मन्त्रिपरिषदबाट प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन (दोस्रो) निर्देशिका २०७८, चोभार सुक्खा बन्दरगाह भन्सार कार्यालयको सङ्गठन संरचना र दरबन्दी तेरिज, बर्डफ्लु नियन्त्रण नियमावली २०७८, राष्ट्रिय पशु स्वास्थ्य नीति र राष्ट्रिय पशु प्रजनन नीति, २०७८ स्वीकृत गरिएको छ ।

सरकारले राजपत्राङ्कित प्रथम श्रेणीका सहसचिव शङ्करप्रसाद खरेललाई विशिष्ट श्रेणीको सचिवमा बढुवा गर्ने तथा लोकसेवा आयोगको सिफारिसमा विभिन्न सेवा समूहका राजपत्राङ्कित प्रथम श्रेणीको पदमा नियुक्त गर्ने निर्णय पनि गरेको मन्त्री कार्कीले जानकारी दिनुभयो ।



अनुरोधकर्ता : बलान बिहुल गाउँ कार्यपालिकाको कार्यालय सप्तरी

# परीक्षणको दायरा बढाउँदै खोप अभियानलाई प्रभावकारी बनाउन चिकित्सकको सुझाव

काठमाडौं, २ माघ (रासस)।

तीव्रगतिमा फैलिरहेको कोरोना सङ्क्रमणलाई नियन्त्रणमा लिन सरकारले विशेषज्ञ चिकित्सकसँग छलफल गरेको छ। प्रधानमन्त्री शेरबहादुर देउवाले शनिबार नेपाल मेडिकल काउन्सिल, नेपाल मेडिकल एशोसिएशनका पदाधिकारी तथा सङ्क्रामक रोग विशेषज्ञसँग कोरोना नियन्त्रणका बारेमा छलफल गर्नुभएको हो।

छलफलमा नेपालमा कोरोना सङ्क्रमणको विद्यमान अवस्था, आगामी दिनमा कसरी अगाडि बढ्ने तथा बढिरहेको सङ्क्रमणदरलाई कसरी रोक्ने भन्ने विषयमा विशेषज्ञले सुझाव राख्नुभएको थियो। छलफलमा सहभागी चिकित्सकले अत्यन्तै तीव्रगतिमा फैलिरहेको ओमिक्रोन भेरियन्टलाई नियन्त्रणमा लिन सरकारले चाल्नुपर्ने कदमका बारेमा ध्यानाकर्षण गराउनुभएको थियो।

सहभागी विशेषज्ञ चिकित्सकले कोरोना सङ्क्रमण परीक्षणको दायरा बढाउनुपर्ने, काठमाडौं उपत्यकामा मात्र नभई प्रत्येक जिल्लामा डेडिकेटेड कोभिड अस्पतालल बनाउनुपर्ने, आइसोलेशन सेन्टर, होल्डिङ सेन्टर बनाउनुपर्ने, महामारीविरुद्ध लड्न पर्याप्त जनशक्तिको व्यवस्थापन गर्नुपर्नेमा जोड दिनुभएको थियो।

पछिल्ला केही दिनयता सङ्क्रमितको उपचारमा संलग्न चिकित्सकसमेत सङ्क्रमणको मारमा परेका छन्। त्रिवि शिक्षण र वीरलगायत अस्पतालका स्वास्थ्यकर्मीमा ठूलो सङ्ख्यामा कोरोना सङ्क्रमण देखिएको छ। स्वास्थ्यकर्मीमा सङ्क्रमण फैलँदा नागरिकले उपचार नपाउने जोखिम बढेको छ।

केही अस्पतालका चिकित्सक, नर्समा सङ्क्रमण देखिएको, जनशक्तिको अभाव भएको, दक्ष जनशक्तिको अभाव कसरी पूरा गर्ने र स्वास्थ्यकर्मीको स्वास्थ्य स्थितिलाई कसरी मजबुत बनाउने भन्नेबारेमा चिकित्सकहरूले सुझाव दिनुभएको छलफलमा सहभागी पाटन अस्पतालका सङ्क्रामक रोग विशेषज्ञ डा जनक कोइरालाले जानकारी दिनुभयो।

सरकारले कोरोना नियन्त्रणका लागि विभिन्न आदेश जारी गरेको छ। सरकारले जारी गरेका आदेशको कार्यान्वयन गर्न क्रियाशील हुनुपर्ने उहाँहरूको सुझाव थियो। अनावश्यक भीडभाड नगर्ने, अत्यावश्यक अवस्थामा बाहेक घर बाहिर ननिस्कने भनी सरकारले भनिरहे पनि अझै पनि भीडभाड देखिएको भन्दै चिकित्सकहरूले चिन्ता व्यक्त गरेका थिए। जनस्वास्थ्यका मापदण्ड पालनामा सरकारले कडाइ गर्नुपर्ने चिकित्सकको सुझाव थियो।

चिकित्सकहरूले तत्काल लकडाउन गर्नुपर्ने अवस्था नरहेको भन्दै सरकारलाई जारी आदेशको कार्यान्वयन र स्वास्थ्य मापदण्डको पालनामा कडाइ गर्न सुझाव दिनुभएको थियो। "छलफलमा सहभागी चिकित्सकहरूले अहिले नै लकडाउन गर्नुपर्छ भनेर सिफारिस गर्नुभएको छैन, लकडाउन त्यो अवस्थामा गर्नुपर्छ, जतिबेला हाम्रो स्वास्थ्य प्रणालीले धान्न सक्दैन, अस्पतालमा अक्सिजन र बेड पुग्दैन", छलफलमा उठेका विषयबारे प्रकाश पार्दै प्रा डा कोइरालाले भन्नुभयो, "स्वास्थ्य मन्त्रालयका सचिवले अहिले नै अस्पताल नभरिएको र यसअघिका तुलनामा अहिले अस्पतालमा व्यवस्थापन पनि राम्रोसँग भइरहेको जानकारी गराउनुभयो।"

चिकित्सकहरूले लकडाउन गर्नुपर्ने पनि देशव्यापीरूपमा नभई स्मार्ट लकडाउनका रूपमा गर्न सकिने सुझाव राखेका थिए। कोरोनाविरुद्धको खोप अभियानलाई तीव्र बनाउनुपर्नेमा जोड दिँदै चिकित्सहरूले खोप लगाउने क्रममा देखिएको भीड कम गर्न सरकारलाई सुझाव दिनुभएको थियो।

**नयाँ भेरियन्टले चुनौती थप्यो : देउवा**

प्रधानमन्त्री देउवाले कोरोना नियन्त्रणमा नयाँ भेरियन्टले चुनौती थपेको बताउनुभयो। तीव्रगतिमा सङ्क्रमण फैलने नयाँ-नयाँ भेरियन्टले ठूलो समस्या ल्याएको उहाँको भनाइ थियो। आगामी चैत मसान्तभित्र सबै नेपालीलाई खोप सरकारले लक्ष्य रहेको उल्लेख गर्दै प्रधानमन्त्री देउवाले खोप अभियानलाई प्रभावकारी बनाएर लैजाने बताउनुभयो।

"ओमिक्रोनजस्ता भाइरस डरलाग्दो तरिकाले आइरहेको छ, सबै नागरिकलाई खोपको पूर्ण मात्रा दिएर कुनै पनि हालतमा नागरिकलाई कोरोनाविरुद्धको बुस्टर डोज लगाउनुपर्ने, सीमा क्षेत्रमा होल्डिङ सेन्टरको स्थापना र चिकित्सकको व्यवस्था गर्नुपर्ने अवस्था छ", उहाँले भन्नुभयो।

कोरोनाविरुद्धको महामारीमा अग्रपङ्क्तिमा खटिने स्वास्थ्यकर्मीको जीवन बिमा र सुरक्षाकर्मीलाई प्रोत्साहित गरिनुपर्ने प्रधानमन्त्री देउवाको भनाइ थियो। यसअघि नेपालले सञ्चालन गरेको खोप अभियान प्रभावकारी भएर विश्व स्वास्थ्य सङ्गठनले बधाई दिएको स्मरण गर्दै उहाँले आगामी दिनमा पनि कोरोना नियन्त्रणमा द्रुतगतिमा काम गर्नुपर्ने बताउनुभयो।

# २८ जिल्लाका भूमिहीन, सुकुम्बासीसँग जग्गा प्राप्तिका लागि निवेदन माग

**दैनिक समाचारदाता**
**काठमाडौं, २ माघ।**

राष्ट्रिय भूमि आयोगले विभिन्न २८ जिल्लाका भूमिहीन, सुकुम्बासीसँग जग्गा प्राप्तिका लागि निवेदन मागेको छ।

यसअघिको आयोगले लिएको विवरणमा छुटेकाहरूका लागि आउँदो माघ १८ गतेदेखि ३५ दिनभित्र निवेदन दिन माग गरिएको आयोगका अध्यक्ष केशव निरौलाले रातोपाटीलाई जानकारी दिए।

आयोगले २८ जिल्लाका ९१ वटा स्थानीय तह चयन गरेर निवेदन माग गरेको छ भने जग्गा नापजाँचका लागि ६ सय नापी प्राविधिकको दरबन्दी पनि सिर्जना गरिएको छ।

आयोगले भूमिहीनलाई आफूले आवाद गरेको जग्गाको नाप नक्सा सम्बन्धित नापी टोली खटिएपछि यी जिल्लाहरुमा इलाम, झापा, मोरङ, सुनसरी, उदयपुर, सप्तरी, सिरहा, महोत्तरी, सर्लाही, बारा, रौतहट, पर्सा, सिन्धुली, मकवानपुर, चितवन, तनहुँ, नवलपरासी पूर्व, नवलपरासी पश्चिम, रुपन्देही, कपिलवस्तु, दाङ, बाँके, बर्दिया, सुर्खेत, कैलाली, कञ्चनपुर र डडेल्धुरा रहेका छन्।

यस्तै सरकारले आयोग अन्तर्गत रहने २८ जिल्लाका लागि भूमि आयोग जिल्ला समिति अध्यक्ष चयन गरेपछि उनीहरुका लागि अभिमुखीकरण तालिम कार्यक्रम सुरु भएको छ। आफ्नो नेतृत्वमा आयोग गठन भएपछि २८ जिल्लाबाट भूमिहीनको निवेदन मागेको, प्राविधिकहरुको दरबन्दी सिर्जना गरेको र कम्प्युटरमा डाटा इन्ट्री सफ्टवेयरको विकास गरेको अध्यक्ष निरौलाले जानकारी दिए।

रातोपाटीसँग कुरा गर्दै अध्यक्ष निरौलाले स्थानीय तहहरूलाई पत्राचार गरेर भूमिहीनको विवरण माग गरेपनि उनीहरुले चासो नदेखाएपछि गत मसिर २५ गते गोरखापत्रमा सूचना प्रकाशन गरेर सुकुम्बासीको विवरण माग गरेको बताए।

गत भदौ अन्तिम साता आयोगमा निरौलाले अध्यक्षमा नियुक्ति पाएपनि आयोगले गत कार्तिक २२ गते पूर्णता पाएको थियो। यो बीचमा आयोगको कार्यविधि तयार गर्ने काम पनि सम्पन्न भएको छ। अघिल्लो सरकारले गठन गरेको भूमि आयोगलाई सरकराले गत साउन १९ गते खारेज गरेको थियो। त्यसअघिको आयोगमा देवीप्रसाद ज्ञवाली अध्यक्ष रहेका थिए।

# नेप्सेमा उच्च अंकको वृद्धि

काठमाडौं, २ माघ (रासस)।

धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचक आइतबार पनि उच्च अङ्कले बढेको छ। नेप्से ६९ अङ्कले बढेर दुई हजार ९२६.७४ मा पुगेको छ। यस्तै ठूला कम्पनीको शेयर कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक ११.८१ अङ्कले बढेर ५४२.६३ मा पुगेको छ।

नेपाल स्टक एक्सचेञ्जका अनुसार नेप्सेको उकालो यात्रासँगै कारोबार रकमसमेत उकालो लागेको छ। कूल २२९ कम्पनीको एक करोड ८२ लाख ५४ हजार ४२५ कित्ता शेयर रु नौ अर्ब ६७ करोड ६३ लाख १७ हजार ५९ मूल्यमा खरिद बिक्री भए।

नेप्सेका अनुसार कारोबार भएका १३ वटा उपसमूहको शेयर उकालो लागेको छ। बैंकिङ ३९.४७, व्यापार ७९.६८, होटल तथा पर्यटन ५५.६५, विकास बैंक १४३.४२, जलविद्युत् ७५.२६, वित्त ५६.६२, निर्जीवन बीमा २६६.२२, उत्पादन ४०६.८२, अन्य ६६.२१, लघुवित्त ११०.४५, जीवन बीमा ३८९.५१, सामूहिक लगानी कोष ०.२५ र लगानी १.९१ अङ्कले उकालो लागेको छ।

कारोबारका आधारमा अरुण भ्याली हाइड्रोपावर शीर्षस्थानमा रहेको छ। सो कम्पनीको रु ३६ करोड ४३ लाख १७ हजार ५३१ बराबरको कारोबार भयो। यस्तै अपि पावर कम्पनी रु ३० करोड ४४ लाख ४५ हजार १५१, माथिल्लो तामाकोशी रु २९ करोड ७४ लाख ६ हजार ९२१, शिवम सिमेन्ट रु २६करोड ३३ लाख ७८ हजार ६२२ र नेपाल पूर्वाधार बैंक रु २५ करोड ४१ लाख ५१ हजार ९५७ बराबरको कारोबार भई शीर्ष पाँचभित्र पर्न सफल भएका छन्।

नेप्सेका अनुसार स्ट्याण्डर्ड चार्टर्ड बैंक र मध्यभोटेकोशी जलविद्युत् कम्पनीको शेयर १० प्रतिशतले वृद्धि भई सकारात्मक सर्किट लाग्यो। किसान लघुवित्त ९.९४, हिमालयन डिस्टिलरी ८.९६ र सिन्धु विकास बैंकका लगानीकर्ताले ८.७९ प्रतिशतले कमाए।

यस्तै ग्लोबल आइएमई बैंकको ऋणपत्र ३.५९, बोटलर्स नेपाल तराई २.९७, मनकामना स्मार्ट लघुवित्त २.५६, मैलुङ खोला जलविद्युत् कम्पनी २.३३ र न्यादी हाइड्रोपावरका लगडानीकर्ताले २.२७ प्रतिशतले गुमाए। नेप्सेका अनुसार आजको कारोबारपछि बजार पूँजीकरण रु ४१ खर्ब ३४ अर्ब ६० करोड १४ लाख १९ हजार ५८७ बराबर पुगेको छ।

# विश्व समाचार

## चीनका ९० प्रतिशत नागरिकले लगाए कोरोनाको खोप

बेइजिङ, २ माघ (रासस/सिन्ह्वा)।

करिब ९० प्रतिशत चिनियाँ नागरिकले कोरोना विरुद्धको खोप लगाएका छन्। यहाँका स्वस्थ्य अधिकारीले दिएको जानकारीअनुसार चीनका करिब ९० प्रतिशत नागरिकले कोरोना विरुद्धको खोप लगाएको जानकारी दिएका छन्।

शुक्रबारसम्मको तथ्यांकमा यहाँका एक अर्ब २६ करोड नागरिकले खोप लगाएको जानकारी दिइएको छ। यो सङ्ख्या चीनको जनसङ्ख्याका करिब ९० प्रतिशत हुन आउँछ।

शनिबार दिइएको जानकारीमा तीमध्ये एक अर्ब २२ करोडले यो खोपको पूरा मात्रा लगाएका छन्। सो कुराको जानकारी चीनको नेशनल हेल्थ कमिसनका अधिकारी हि क्विनगुले दिनुभयो।

शनिबार पत्रकार सम्मेलनमा उहाँले चीनमा नागरिकलाई कोरोना विरुद्धको खोप दिने क्रम जारी रहेको र शुक्रबारसम्म ९० प्रतिशतले खोप लिइसकेको बताउनुभएको हो।

सो पत्रकार सम्मेलनमा उहाँले बाँकी रहेका चिनियाँ नागरिकलाई पनि खोप लिन आग्रह गर्नुभयो। सो अवसरमा उहाँले अनिवार्यरुपमा मास्क लगाउन, सामाजिक दुरी कायम गर्न तथा कोठाभित्र बस्दा भेन्टिलेसन भएका कोठामा बस्न पनि आग्रह गर्नुभएको थियो।

चीनमा पनि पछिल्ला केही समयमा कोरोनाका सङ्क्रमित देखिन थालेका छन्। ती सङ्क्रमितको पहिचान गरेर चीनका अधिकारीले स्वास्थ्य सतर्कताका मापदण्ड अपनाउन आग्रह गरिरहेका छन्।

## साउदी अरेबिया नेतृत्वको सेनाले यमनमा हुथी विद्रोहीविरुद्ध आक्रमण

अडेन, २ माघ (रासस/सिन्ह्वा)।

यमनमा रहेको साउदी अरेबियाको नेतृत्वको सेनाले यहाँका विभिन्न शहरमा शनिबार पनि आक्रमण गरेको छ।

हुथी विद्रोहीको विरुद्धमा कारबाहीका क्रममा सो सेनाले यमनको राजधानी शहरलगायतका विभिन्न शहरमा यस्तो हमला गरेको हो।

उक्त सेनाले युद्धक विमानबाट शनिबार मारिब र साबा शहरमा हवाई हमला गरेको हो। त्यस क्रममा हुथी विद्रोहीका कतिपय आश्रयस्थल भत्किएको बताइएको छ।

यमनमा एकजना सैनिक अधिकारीले विभिन्न शहरमा यमनका सेनासमेत सम्मिलित गठबन्धन सेनाले हवाई कारवाही गरेको र त्यसमा परेर केही हुथी विद्रोही पनि हताहत भएका बताएका छन्।

ती अधिकारीका अनुसार शनिबार दिनभर यस्तो हवाई कारबाही जारी रहेको छ। मारिब यमनको तेलको धनी शहर हो।

यहाँका कतिपय स्थानमा हुथीले आश्रय स्थल नै बनाएका बसेका छन्। त्यसैले यमनको सेनाले समय समयमा यस्तो हवाई काबारही गर्ने गरेको छ।

## भारतमा थप दुई लाख ७१ हजारभन्दा बढी कोरोना सङ्क्रमित

नयाँदिल्ली, २ माघ (रासस/एएनआई)।

भारतमा गत २४ घण्टामा कोरोना भाइरसबाट थप दुई लाख ७१ हजार २०२ सङ्क्रमित भएका केन्द्रीय स्वास्थ्य र परिवार कल्याण मन्त्रालयले आइतबार जानकारी दिएको छ। शनिबार परिक्षण गरिएका १६.२८ प्रतिशतलाई कोरोना पोजेटिभ देखिएको समाचारमा जनाइएको छ। यसैसँगै भारतमा कूल सङ्क्रमितको सङ्ख्या तीन करोड ७१ लाख २२ हजार १६४ पुगेको छ।

सोही अवधिमा थप ३१४को कोरोना सङ्क्रमणका कारण मृत्यु भएको छ। यसैसँगै भारतमा कोरोनाका कारण ज्यान गुमाउने व्यक्तिको सङ्ख्या चार लाख ८६ हजार ६६ पुगेको मन्त्रालयले थप जानकारी दिएको छ।

हाल यहाँ सात हजार ७४३ ओमिक्रोनका सङ्क्रमित रहेका पनि सो मन्त्रालयले शुक्रबार जानकारी दिएको छ। भारतमा अहिले सङ्क्रमित अवस्थामै रहेकाको सङ्ख्या १५ लाख ५० हजार ३७७ रहेका छन्। सक्रिय सङ्क्रमितको यो सङ्ख्या कूल सङ्क्रमितको ४.१८ प्रतिशत भएको समाचारमा जनाइएको छ।

भारतमा एक लाख ३८ हजार ३३१ कोरोनाबाट मुक्त भएका छन्। यसैसँगै कोरोना सुरु भएयता हालसम्म तीन करोड ५० लाख ८५ हजार ७२१ जनालाई कोरोना सङ्क्रमण निको भएको छ। यहाँ कोरोना भाइरस निको हुने दर ९५.५१ प्रतिशत रहेको जनाइएको छ।

कोरोना सुरु भएदेखि हालसम्म भारतमा ७० करोड २४ लाख ४८ हजार ८३८ भन्दाबढी व्यक्तिको कोरोना परीक्षण भएको छ। यहाँ सन् २०२१ को जनवरी १६ बाट कोरोना भाइरसविरुद्ध खोप अभियान सुरु भएको थियो। सो समयदेखि हालसम्म एक अर्ब ५६ करोड ७६ लाखभन्दा बढी कोरोनाविरुद्ध खोपको डोज लगाइएको छ।

# बरबुझारत गर्ने अवसर समेत नदिई रवाना पत्र दिएपछि ...

**दैनिक समाचारदाता**
**राजविराज, २ माघ ।**

राजविराजस्थित गजेन्द्र नारायण सिंह अस्पतालको स्टोर शाखाको जिम्मेवारी पाएका नायब सुब्बा कामेश्वर रोहितालाई बरबुझारतको अवसर समेत नदिई आइतबारै रवाना पत्र दिइएको छ ।

सरुवा बदर भइसकेका कर्मचारीलाई गैरकानुनी ढंगले बरबुझारत समेतको अवसर नदिई रवाना पत्र दिएपछि गजेन्द्र नारायण सिंह अस्पतालमा विवाद उत्पन्न भएको छ ।

आइतबार अस्पतालका नयाँ निमित्त मेसुको रुपमा पदस्थापन गरेका डा. दिलिप साहले बरबुझारत गर्ने मान्यता विपरीत स्टोर शाखामा कार्यरत नायब सुब्बा रोहितालाई रवाना पत्र दिई हाजिर गर्नबाट समेत रोकेपछि विवाद उत्पन्न भएको हो ।

चार्ज बुझाउन नपाई अन्यत्र सरुवाको रवाना दिई हाजिर गर्नबाट रोक लगाइएपछि उनी उक्त शाखा बन्द गरि न्यायको खोजिमा जुटेका छन् ।

हाजिरी रजिष्ट्ररमा निमित्त मेसु डा. साहले रवाना दिइएको उल्लेख गर्दै हाजिर गर्न समेत रोकेपछि आफू उक्त शाखा बन्द गरि न्यायको खोजीमा लागेको रोहिताले बताएका छन् ।

उनले २०७७ भदौं ३० गते आफ्नो सरुवा सिरहाको लहानस्थित भु तथा जलआधार व्यवस्थापन कार्यालयमा भएपनि प्रदेश २ सरकारको मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयको मिति २०७७ असोज २६ गते च.न. ६०९ र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०७७ मंसिर १९ गते च.न. २४० को पत्र अनुसार सरुवा बदर भइसकेको जानकारी दिए ।

प्रमाणका रुपमा उनले सरुवा बदर भएको प्रदेश र संघीय सरकारबाट पठाइएको दुबै पत्र संचारकर्मी माझ पेश समेत गरेका छन् ।

औषधी लगायत करोडौका सामान हाल स्टोर शाखामा रहेका कारण सरुवा भएपछि आफूले चार्ज बुझाएर मात्र सरुवा भएको ठाउँमा जान पाउनु पर्ने उनको माग छ । उनले स्टोरमा औषधी लगायतका करोडौंको सामान रहेको भन्दै यसरी जबरजस्ती गर्ने हो भने भोली सामान हिनामिना भएको वा अन्य कुनै घटना भए सोको सम्पूर्ण जिम्मेवारी मेसु साहले नै लिनु पर्ने जिकिर गरे ।

यता निमित्त मेसु डा. साहले निज प्रदेश सरकारको मातहातका कर्मचारी रहेको र संघीय सरकारको बजेटबाट तलब दिन नसकिने भएकाले उनलाई प्रदेश सरकारकै मातहतमा रहेको कार्यालयमा सरुवा गरिएको बताए ।

केन्द्रले नै प्रदेश सरकारको कर्मचारीलाई प्रदेश मातहतकै कार्यालयमा पठाउन निर्देशन दिएपछि उनलाई रवाना दिएको हो उनले भने ।

# जारी आदेश २०७८ अनुसार, के गर्न हुन्छ, के नहुन्न

काठमाडौँ, २ माघ (रासस) ।

सरकारले नयाँ भेरियन्ट ओमिक्रोनसहितको कोभिड-१९ महामारीको तेस्रो लहर रोकथाम तथा नियन्त्रणसम्बन्धी आदेश, २०७८ जारी गरेको छ ।

सञ्चार तथा सूचना प्रविधिमन्त्री ज्ञानेन्द्रबहादुर कार्कीले विश्वव्यापी महामारीका रूपमा फैलिएको नयाँ भेरियन्ट ओमिक्रोनसहितको कोभिड-१९ महामारीको तेस्रो लहर नेपालमा समेत बढ्दै गएकाले सोको रोकथाम तथा नियन्त्रण, निदान र उपचारका लागि आदेश जारी गरिएको बताउनुभयो ।

सरकारले आदेशमार्फत सबै प्रकारका आमसभा, जुलुस, भेला वा धेरै मानिस भेला हुने क्रियाकलाप माघ मसान्तसम्म सञ्चालन नगर्ने निर्णय गरेको छ । गोष्ठी, सेमीनार, समीक्षा, बैठक जस्ता क्रियाकलाप सञ्चालन गर्दा भर्चुअल माध्यमद्वारा गर्ने तथा भौतिकरूपमा उपस्थित भई गर्नुपर्ने काम जनस्वास्थ्यका मापदण्ड पालना र एन्टिजेन परीक्षण गरी रिपोर्ट नेगेटिभ आएका बढीमा २५ जना मात्र रहने गरी सञ्चालन गर्न अनुमति दिने आदेशमा उल्लेख छ ।

आदेशमा त्यस्ता क्रियाकलाप सञ्चालन गर्दा ७ गतेपछि त्यस्तो कार्यक्रम पूर्णखोप लगाएका व्यक्ति मात्र उपस्थित हुने व्यवस्था मिलाउन पर्नेछ । सरकारले सिनेमा हल, डान्सबार, दोहोरी नाचघर, क्लब, हेल्थ क्लब, जीम, स्वीमिङ पुल, फुटसल, हाटबजार र मानिसको भीडभाड हुने अन्य सबै प्रकारका कार्यक्रम यही माघ १५ गतेसम्म सञ्चालन नगर्ने निर्णय गरेको छ ।

आदेशमा विद्यालय, विश्वविद्यालय, कलेज, ट्युशन सेन्टरलगायतका अन्य शैक्षिक क्रियाकलाप सञ्चालन गर्दा माघ १५ गतेसम्म भौतिक उपस्थितिमा सञ्चालन नगर्ने निर्णय भएको नेपाल सरकारका प्रवक्ता कार्कीले जानकारी दिनुभयो । आदेशमा शैक्षिक क्रियाकलाप र शिक्षण सिकाइका गतिविधि भर्चुअल माध्यमबाट सञ्चालन गर्न भनिएको छ ।

विद्यालय र कलेजका पूर्वनिर्धारित परीक्षा, जनशक्ति भर्नाका परीक्षा, वैदेशिक रोजगारीका लागि सञ्चालन गरिने विदेशी भाषा परीक्षा तथा चिकित्सक शिक्षाका सबै किसिमका परीक्षा जनस्वास्थ्यका मापदण्ड पालना गरी सञ्चालन सकिने छ ।

मठमन्दिर, मस्जिद, गुम्बा, चर्चलगायतका धार्मिकस्थलमा जनस्वास्थ्यका मापदण्ड पालना गरी माघ मसान्तसम्म नित्य पूजा, ध्यान र प्रार्थना मात्र गर्ने गराउने विषय आदेशमा उल्लेख छ । सरकारले सपिङ मल, डिपार्टमेन्ट स्टोर तथा अन्य प्रकारका पसलमा एकपटकमा २५ जनाभन्दा बढी हुन नहुने गरी आदेश जारी गरेको छ । कुनै पनि सामान अनावश्यक रूपमा छुन नपाइने तथा दुई व्यक्तिका बीचमा कम्तीमा पनि दुई मिटर दूरी कायम गर्न एवं मास्क अनिवार्य, पटकपटक साबुन पानीले हात धुने, सेनिटाइज गरी सञ्चालन गर्न पनि सरकारले भनेको छ ।

जनस्वस्थ्यसम्बन्धी मापदण्ड पालना गर्ने गराउने दायित्व सम्बन्धित धनी वा सञ्चालकको हुनेछ । पार्टी प्यालेसमा एकपटक कूल क्षमताको बढीमा एकतिहाइ नबढ्ने गरी बढीमा ५० जना मात्र उपस्थित रहने र सम्बन्धित जिल्ला प्रशासनबाट स्वीकृती लिन पर्नेछ । सरकारले विवाह, व्रतबन्ध, न्वारन र पास्नी जस्ता धार्मिक तथा सांस्कृतिक, सामाजिक कार्यक्रम भौतिक दूरीलगायत जनस्वास्थ्य मापदण्ड पालना गरी सञ्चालन गर्न दिने भएको छ ।

रङ्गशालामा दर्शकसहितको खेल गर्दा कूल क्षमताको एकतिहाइ मात्र हुने गरी जनस्वास्थ्य पालना गरी सञ्चालन गर्न पाइने छ । उपस्थित दर्शकमध्ये आयोजनाको खर्चमा एकतिहाइ दर्शकलाई रेण्डम छनौटका आधारमा एिन्टजेन परीक्षणको व्यवस्था मिलाउन पर्नेछ । यही माघ ७ गतेपछि त्यस्ता खेलकुदमा खोपका मात्र पूरा गरेकालाई खोप कार्डका आधारमा रङ्गशालामा प्रवेश गर्न दिइने छ । धार्मिक वा सांस्कृतिक जात्रा, पर्व, विवाह, न्वारन, पास्नी, व्रतबन्ध, धार्मिक अनुष्ठान, नित्य संस्कारलगायतका अत्यावश्यक परम्परागत धार्मिक एवं सांस्कृतिक क्रियाकलापमा ५० भन्दाबढी व्यक्ति हुन नहुने उल्लेख छ ।

# थप चार हजार ९ सय ६१ मा कोरोना संक्रमण पुष्टि

काठमाडौँ, २ माघ (रासस) ।

देशभर पछिल्लो २४ घण्टामा थप चार हजार ९ सय ६१ जनामा कोरोना संक्रमण पुष्टि भएको छ । यो संख्या शनिबार देखिएको नयाँ संक्रमितभन्दा ३ सय २५ ले बढी हो । शनिबार देशभरमा चार हजार ६ सय ३६ नयाँ संक्रमित पुष्टि भएको थियो ।

उपत्यकाका तीन जिल्लामा आज तीन हजार ३ सय ४७ नयाँ संक्रमित थपिएका छन् । काठमाडौँमा दुई हजार ५४५, ललितपुर ४७४ र भक्तपुरमा ३२८ सक्रिय संक्रमित रहेको मन्त्रालयले जनाएको छ । नयाँ संक्रमितमध्ये चार हजार ५३४ को पिसीआर र ४२७ को एन्टिजेन विधिबाट परीक्षण गरिएको थियो ।

पछिल्लो २४ घण्टामा १५ हजार १३१ जनाको नमूना परीक्षण गरिएको थियो । १२ हजार ५६२ जनाले पिसीआर र दुई हजार ५६९ जनाले एन्टिजेन विधिबाट परीक्षण गरिएको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जनाएको छ । यो अवधिमा जम्मा परीक्षणमध्ये औषत संक्रमणदर ३६ दशमलव एक प्रतिशत छ । यही अवधिमा ४३५ जना कोरोना भाइरस संक्रमणमुक्त भएका छन् ।

कोभिडविरुद्धको खोप लगाउनेको संख्या पछिल्लो २४ घण्टामा ५४ हजार ३१२ रहेको छ । हाल सक्रिय संखमितको संख्या २५ हजार ६८० रहेको छ । पछिल्लो २४ घण्टामा कोरोनाबाट तीन जनाको मृत्यु भएको मन्त्रालयले जनाएको छ । हाल भेन्टिलेटरमा रहनेको संख्या जम्मा २९ र आइसीयूमा १२२ जना रहेका छन् । होम आइसोलेशनमा २४ हजार ५८४, संस्थागत आइसोलेशनमा एक हजार ९६ र संस्थागत क्वारेन्टिनमा १२१ रहेका छन् ।

सरकारले आइतरदेखि अग्रपङ्तिमा रहेका नागरिकलाई बुष्टर डोज खोप सुरु गरिसकेको मन्त्रालयका सहप्रवक्ता डा समिरकुमार अधिकारीले बताउनुभयो । देशभरमा हाल लगाइरहेको सबै खोप प्रभावकारी र निःशुल्क रहेको उहाँले बताउनुभयो । खोपले गम्भीर स्वास्थ्य समस्याबाट बचाउने भन्दै उहाँले खोप लगाउनुपर्नेमा जोड दिनुभयो । उहाँले भन्नुभयो, “खोप लगाउने ठाउँमा स्वास्थ्यका मापदण्डको भने पालना गर्नुपर्छ ।”

सरकारले खोप कार्यक्रम विस्तारमा लागेको सहप्रवक्ता डा अधिकारीले बताउनुभयो । पुस मसान्तसम्म दुई तिहाइलाई खोप लगाउने लक्ष्य लिइएकामा बागमती र गण्डकी प्रदेशमा लक्ष्यानुसार लगाइसकिएको उहाँले बताउनुभयो । उहाँले भन्नुभयो, “पुस मसान्तसम्ममा दुई तिहाइलाई लगाउने लक्ष्य लिइएकामा ६१ प्रतिशतलाई लगाइएको छ ।”

कोभिडबाट सचेत र सतर्क रहौं

कोरोना संक्रमणको जोखिम कायमै छ ।

यसले कुनैपनि समय महामारीको रूप लिन सक्दछ ।

त्यसैले तत्काल कोरोना विरुद्धको खोप लिऔं, जमघट तथा भिडभाडमा जाँदा

अनिवार्य रूपमा स्वास्थ्य मापदण्डको पालना गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।

हाम्रो सेवाहरु

नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५३१०९६

ipay remit
City Express Money Transfer
Best Remit Quick & Easy
Prabhu Money Transfer
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
CG Money

**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*